जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक ३५३ • २०८३ असोज २५ गते आईतवार • 11 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# जनकपुरधाममा बडा दशैं मनाउन आवश्यक सम्पूर्ण तयारी पूरा



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ असोज**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा बडादशैं मनाउन आवश्यक सम्पूर्ण तयारी पूरा भएको छ । असोज २५ गतेदेखि सुरु हुने बडादशैंलाई भव्य, सभ्य र व्यवस्थित रूपमा मनाउन यहाँका प्रमुख शक्तिपीठ तथा देवी मन्दिरहरूको व्यवस्थापन गर्ने युवा कमिटी र समितिहरूले तयारी पूरा गरेका हुन् । जनकपुरधामको प्रसिद्ध राजदेवी मन्दिरसहित अन्नपूर्णा मन्दिर, बौद्धिमाई मन्दिर, कपिलेश्वरस्थित जेठी राजदेवी मन्दिर, बुढीयामाई स्थान, पीडरियामाई स्थान, पल्टिमाई तथा वैष्णवी देवी मन्दिरलगायतका शक्तिपीठमा पूजाआजा र दर्शनको व्यवस्थापन मिलाइएको छ ।

जनकपुरधामस्थित राजदेवी मन्दिरको व्यवस्थापन महावीर युवा कमिटीले गर्दै आएको छ । त्यसैगरी, अन्नपूर्णा र बौद्धिमाई मन्दिरको व्यवस्थापन राम युवा कमिटीले तथा कपिलेश्वर क्षेत्रका जेठी राजदेवी मन्दिर, महारानीमाई लगायतका शक्तिपीठको व्यवस्थापन हर्दिनाथ युवा कमिटी र सम्बन्धित समितिहरूले गर्दै आएका छन् ।

बडादशैंका अवसरमा जनकपुरधामका शक्तिपीठहरूमा पूजाआजा तथा दर्शनका लागि नेपालका विभिन्न जिल्ला र सीमावर्ती भारतीय क्षेत्रबाट समेत ठूलो सङ्ख्यामा श्रद्धालु भक्तजन आउने गरेका छन् । राजदेवी मन्दिरमा दर्शनार्थीको चाप बढ्ने भएकाले भक्तजनलाई सहज रूपमा पूजाआजा र दर्शन गर्ने वातावरण मिलाउन आवश्यक व्यवस्थापकीय तयारी गरिएको छ । महावीर युवा कमिटीका महासचिव भरत साहका अनुसार सम्भावित भीडलाई ध्यानमा राख्दै मन्दिर परिसरको व्यवस्थापन, दर्शन तथा पूजाआजालाई सहज बनाउने र धार्मिक कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने तयारी पूरा गरिएको छ । उनले बडादशैं धार्मिक आस्था, सांस्कृतिक परम्परा र सामाजिक सद्भावसँग जोडिएको पर्व भएकाले यसको गरिमा कायम राख्दै श्रद्धालुलाई सहज वातावरण उपलब्ध गराउन कमिटीले प्राथमिकता दिएको बताए । झिझिया, भजन सन्ध्या र रावण दहन आयोजना गरिने बडादशैंका अवसरमा जनकपुरधाममा धार्मिक अनुष्ठानसँगै मिथिलाको मौलिक कला, संस्कृति र लोकपरम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिने भएको छ ।

महावीर युवा कमिटीका अध्यक्ष दीपक कुमार साह 'मिन्टु'का अनुसार दशैंका अवसरमा मिथिलाको विशिष्ट लोकनृत्य झिझिया, भजन सन्ध्या तथा रावण दहनलगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।




# 'जनसरोकार अभियान' ले सरकारसँग कडा कदम चाल्न माग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ असोज**



धनुषामा बढ्दो लागुऔषधको दुर्व्यसन, सामाजिक सञ्जालको दुरुपयोग र त्यसबाट उत्पन्न अपराध नियन्त्रण गर्न 'जनसरोकार अभियान' ले सरकारसँग कडा कदम चाल्न माग गरेको छ ।

अभियानले जिल्ला प्रशासन कार्यालय धनुषामार्फत गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै शान्ति सुरक्षा सुदृढ बनाउन र दोषीलाई कारबाहीको दायरामा ल्याउन माग गरेको हो । पछिल्लो समय धनुषामा लागुऔषधको अवैध कारोबार र प्रयोगकर्ताहरूको सङ्ख्यामा भइरहेको वृद्धिले सामाजिक सुरक्षालाई चुनौती थपेको छ । लागुऔषधका कारण चोरी र आपराधिक घटनाहरू बढ्नुका साथै सामाजिक सञ्जालमा अभद्र टिप्पणी, चरित्रहत्या र धार्मिक तथा जातीय सद्भाव खलबल्याउने कार्यहरू भइरहेको अभियानको ठहर छ । अभियानले जनकपुरधाम उपमहानगरपालिका-५ मा अमिन सफीमाथि भएको घटनाको सन्दर्भ उठाउँदै यसको निष्पक्ष छानबिन गर्न माग गरेको छ । उक्त घटनाका मुख्य दोषी र सहयोगीहरूलाई समेत कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा अभियानले जोड दिएको छ ।

# मुलुकको वर्तमान राजनीतिक निकास र समृद्धिको आधार

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ असोज**



नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको पूर्ण कार्यान्वयन नै मुलुकको वर्तमान राजनीतिक निकास र समृद्धिको आधार भएको बताएका छन् । जनकपुरधाममा आयोजित एक कार्यक्रममा बोल्दै उनले संविधानका मूल मर्मलाई आत्मसात गर्दै प्रदेश तहमा प्रहरी प्रशासनको अधिकार हस्तान्तरण गर्नुपर्नेमा जोड दिएका हुन् ।

नेता निधिले लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, समावेशिता र धर्मनिरपेक्षतासहितको नौ बुँदे राष्ट्रिय सूत्रलाई नेपालको राजनीतिको मूल मन्त्र मान्नुपर्ने बताए। उनले संविधानको सफल कार्यान्वयनबाट मात्र जनताको अधिकार सुरक्षित हुने र सङ्घीयता संस्थागत हुने विश्वास व्यक्त गरे । आगामी निर्वाचनको तयारीमा लाग्न कार्यकर्ताहरूलाई निर्देशन दिँदै निधिले २०८७ सालको आम निर्वाचनअघि नै स्थानीय तह र प्रदेश सभाको निर्वाचनको तयारीमा जुट्न आग्रह गरे। उनले स्थानीय तहमा भइरहेको विकास निर्माण र बजेट विनियोजनको अधिकारले नै सङ्घीयताको सार्थकता पुष्टि गरिरहेको जिकिर गरे। भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न प्रेस स्वतन्त्रता र नागरिक सचेतता आवश्यक रहेको उनको भनाइ छ । कार्यक्रममा बोल्दै उनले भने, 'हामीले लोकतन्त्रको रक्षाका लागि अघि सारेको नौ बुँदे राष्ट्रिय सूत्र नै विवाद र समस्या समाधानको अचुक उपाय हो । भारतजस्तै नेपालमा पनि केन्द्रीय प्रहरी र प्रदेश प्रहरीबिच स्पष्ट कार्यविभाजन हुनुपर्छ । संविधानले दिएको अधिकार कार्यान्वयन गराउन सबै राजनीतिक दलहरू एक ठाउँमा उभिनुपर्ने बेला आएको छ ।'




# धार्मिक लाभबाट चुक्दै जलेश्वर

बाबा जलेश्वरनाथको नगरी जलेश्वर कुनै बेला जनकपुर अञ्चलको अञ्चलाधिसको कार्यालय हुने गर्दथे । पछि महोत्तरी जिल्लाको सदरमुकामको रुपमा समिटन गयो । जलेश्वरको विकासक्रमलाई हेर्ने हो भने विकासको ग्राफ माथि देखिनु भन्दा विस्तारै तलतिर नै गएको देखिन्छ । यसको पछाडी विभिन्न कारणहरु छन् जसमध्ये एउटा प्रमुख कारण चाहि धार्मिक चाडपर्वको लाभबाट चुक्नु पनि हो ।

आजदेखि वडादशैको पहिलो दिन घटस्थापना विधिवत रुपमा संचालन भएको छ । हिन्दु मूल्य मान्यता अनुसार घटस्थापना पूर्व कुनै पनि ठाउँ वा शहरको शक्तिपीठहरु ,माता दुर्गा तथा राजदेवीका स्थायी मन्दिरदेखि अस्थायी मन्दिरलाई समेत सजाई विशेष पुजाआजा गर्ने चलन रहेको छ । जलेश्वरको पुरानो जिल्ला अदालतदेखि उत्तर मा रहेको पुरानो राजदेवी मन्दिर छेउँमै रहेको पोखरीको पानीले केहि दिन अगाडी मन्दिरको आधा भाग डुबेको थियो । जलेश्वरको यो राजदेवी मन्दिर पुरानो तथा ऐतिहासिक रहेकोले यस मन्दिरलाई यस किसिमको समस्याबाट स्थायी रुपमा बचाउन स्थायी समाधान गर्न स्थानीय सरकार तथा सम्बन्धीत सरोकारबालाहरुले समयमै ध्यान दिन जरुरी छ । साथै जलेश्वरलाई आर्थिक रुपमा सबल बनाउन धार्मिक लाभ लिन सक्नु पर्दछ । यसको लागि सस्तो बजारको संचालन,आवश्यक खेल सामाग्रीहरुको व्यवस्थापन,स्थानीय मन्दिरहरुको सजावट,स्थानीय उत्पादनको प्रदर्शनी,स्थानीय साँस्कृतिक नृत्य प्रतियोगिता,सरसफाई तथा युवा सहभागिता जस्ता क्रियाकलापहरु संचालन गराई स्थानिय चाडपर्वबाट समेत आर्थिक लाभ लिनबाट पछाडी पर्नु हुदैन । यसको लागि स्थानीय सरकार,उद्योग वाणिज्य संघ तथा स्थानिय व्यापारीहरुको सक्रियता हुनु पर्दछ ।

# यात्रु सहायता कक्ष (हेल्प डेस्क) स्थापना

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २४ असोज**

दसैं, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै रौतहटमा यात्रु सहायता कक्ष (हेल्प डेस्क) स्थापना गरिएको छ । चाडपर्वका बेला यात्रुहरूलाई सुरक्षित यात्रा गर्न सहज बनाउने उद्देश्यले जिल्लाका चार स्थानमा यात्रु सहायता कक्ष र चन्द्रनिगाहपुरमा रिफ्रेस सेन्टर सञ्चालनमा ल्याइएको हो ।

जिल्ला प्रहरी कार्यालय गौर र जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरको संयुक्त आयोजनामा चन्द्रपुर नगरपालिका-




४ चन्द्रनिगाहपुर मेनचोक, गरुडा नगरपालिका-४ गरुडा बजार, बौधीमाई नगरपालिका-७ बंकुल चोक र गौर नगरपालिका-८ गौर बसपार्कमा यात्रु सहायता कक्ष स्थापना गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी निरीक्षक राजेन्द्र थापामगरले जानकारी दिएका छन् । थापामगरका अनुसार चाडपर्वका बेला यात्रुको चाप बढ्ने भएकाले यात्रुहरूलाई सुरक्षित, सहज र व्यवस्थित यात्रा गर्न सहजीकरण गर्ने उद्देश्यले सहायता कक्ष स्थापना गरिएको हो । सहायता कक्षमार्फत यात्रुले यात्राका क्रममा भोग्नुपर्ने समस्या, सार्वजनिक सवारीसाधनमा हुने सम्भावित ठगी, बढी भाडा असुली तथा अन्य गुनासोबारे प्रहरीलाई जानकारी गराउन सक्नेछन् ।

यसैगरी, जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरको अगाडि यात्रुहरूलाई लक्षित गरी रिफ्रेस सेन्टरसमेत स्थापना गरिएको थापामगरले बताए । उक्त सेन्टरमा यात्रुहरूका लागि शुद्ध खानेपानी र शौचालयको सुविधा उपलब्ध गराइएको छ ।

# यस वर्षको दशैं तथा दुर्गा पूजाको तयारी अन्तिम चरणमा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २४ असोज**

जनकपुरधामस्थित राम युवा कमिटीले यस वर्षको दशैं तथा दुर्गा पूजाको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । कमिटीले बौधी माता र अमरखाना माइ मन्दिरमा आयोजना गर्दै आएको दुर्गा पूजालाई धार्मिक तथा सांस्कृतिक कार्यक्रम सहित भव्य रूपमा सम्पन्न गर्ने तयारी गरेको हो । घटस्थापनाको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलन मार्फत कमिटीले पूजाआजासँगै दशैंको सांस्कृतिक महत्व झल्काउने विभिन्न कार्यक्रम सार्वजनिक गरेको छ ।

कमिटीले धार्मिक आस्था र परम्पराको संरक्षण गर्दै श्रद्धालुलाई उत्सवमा सहभागी गराउने उद्देश्यले कार्यक्रम तय गरेको जनाएको छ । कमिटीका अध्यक्ष विजयकुमार साहका अनुसार दशैंको द्वितीयादेखि षष्ठीसम्म प्रत्येक साँझ भजन कार्यक्रम आयोजना गरिनेछ । भजनमार्फत भक्तिमय वातावरण सिर्जना गर्नुका साथै धार्मिक गतिविधिमा श्रद्धालुको सहभागिता बढाउने लक्ष्य राखिएको उनले बताए । त्यसैगरी, सप्तमीका दिन मिथिलाको मौलिक लोकसंस्कृतिको अभिन्न अंगका रूपमा रहेको झिझिया नृत्य प्रतियोगिता आयोजना गरिनेछ । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने सहभागीलाई प्रथम, द्वितीय र तृतीय




पुरस्कार प्रदान गरिने अध्यक्ष साहले जानकारी दिए । अष्टमीका दिन महावीर युवा कमिटीसँगको सहकार्यमा बोकाबलि कार्यक्रम सञ्चालन गरिनेछ भने विजयादशमीका दिन रावण वध कार्यक्रम आयोजना गरी विजय उत्सव मनाइने कमिटीले जनाएको छ । धार्मिक पूजाआजा तथा सांस्कृतिक कार्यक्रमलाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न आवश्यक व्यवस्थापकीय तयारी भइरहेको कमिटीले जनाएको छ । राम युवा कमिटीले विगत ३६ वर्षदेखि जनकपुरधामको बौधी माता तथा अमरखाना माइ मन्दिरमा दुर्गा पूजाको आयोजना गर्दै आएको छ ।

लामो समयदेखि निरन्तर आयोजना हुँदै आएको पूजाले स्थानीय धार्मिक आस्था र सांस्कृतिक परम्परालाई निरन्तरता दिन योगदान पुर्याउँदै आएको छ ।






## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: मित्रतामा फाटो आउने
कर्कट: मनमा पछुतो आउने
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक चिन्ता
तुला: आम्दानी हुने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अरविन्द केजरीवाल सहित थुप्रै नेताहरू पक्राउ



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २४ असोज

नयाँदिल्लीमा निर्वाचन आयोग र मुख्य निर्वाचन आयुक्त ज्ञानेशकुमारविरुद्धको प्रदर्शनका क्रममा आम आदमी पार्टी (आप) का संयोजक अरविन्द केजरीवाललाई प्रहरीले हिरासतमा लिएको छ ।

दिल्लीस्थित केरल भवनबाहिर विरोध प्रदर्शन गरेपछि केरलका पूर्वमुख्यमन्त्री पिनराई विजयन र भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का सांसद जोन ब्रिटासलाई पनि प्रहरीले हिरासतमा लिएको छ । सांसद ब्रिटासले प्रहरीले आफूहरूलाई एउटा स्थानबाट अर्को स्थानमा लैजाँदै गरेको तर कहाँ लैजान लागेको हो भन्ने जानकारी नदिएको आरोप लगाएका छन् । उनका अनुसार, पूर्वमुख्यमन्त्री विजयन, केरल विधानसभाका विपक्षी दलका नेता, पूर्वअर्थमन्त्री तथा माकपा नेता केएन बालगोपाल र आफूलाई प्रहरीको गाडीमा राखेर दिल्लीका विभिन्न स्थानमा घुमाइएको थियो । ब्रिटासका अनुसार, प्रहरीले उनीहरूलाई छत्रसाल स्टेडियम पुऱ्याएको थियो । त्यहाँ करिब ३० देखि ४५ मिनेट राखेपछि फेरि प्रहरीको गाडीमा राखेर अन्यत्र लैजान थालिएको उनले मोबाइल लाइभ बताए । त्यसपछि आफूहरूलाई कहाँ लैजान लागिएको हो भन्ने जानकारी नभएको उनको भनाइ थियो ।

दिल्लीमा एकपछि अर्को विपक्षी नेताहरू हिरासतमा परेपछि राजनीतिक तनाव बढेको छ । मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा माग र निर्वाचन प्रक्रियासम्बन्धी विवादले प्रदर्शनलाई थप राजनीतिक महत्त्व दिएको छ । यसअघि पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जी, तृणमूल कांग्रेसका सांसदहरू तथा अन्य विपक्षी नेताहरूलाई पनि प्रहरीले नियन्त्रणमा लिएको थियो । प्रहरीले हिरासतमा लिएका नेताहरूको अवस्था, उनीहरूलाई नियन्त्रणमा लिनुको औपचारिक कारण र रिहाइसम्बन्धी विस्तृत विवरण अझै आइसकेको छैन ।

# ३९ वर्षपछि फेरि 'मिस्टर इन्डिया'को पोसाकमा देखिए अनिल कपूर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २४ असोज



बलिउडका दिग्गज अभिनेता अनिल कपूरले आफ्नो शो 'इन्डियाज टप १%' को सेटमा चर्चित चलचित्र 'मिस्टर इन्डिया' का दिनहरूलाई पुनः ताजा गरेका छन् ।

आगामी एपिसोडका लागि उनी ३९ वर्षअघि उक्त फिल्ममा लगाएको कोट, सर्ट र ट्राउजर नै लगाएर उपस्थित भएका हुन् । अभिनेता कपूरले सो चर्चित ज्याकेट मुम्बईको 'चोर बजार' बाट किनेको समेत खुलासा गरेका छन् । फिल्मको चर्चित अवतारलाई फेरि अँगाल्दै अनिल कपूरले भने, 'म भन्न चाहन्छु कि त्यो सर्ट, ट्राउजर र ज्याकेट मलाई अहिले पनि ठ्याक्कै फिट हुन्छ । ३९ वर्ष बितिसक्दा पनि सबै कपडा मलाई उत्तिकै मिल्छ । निर्माण टोलीले 'मिस्टर इन्डिया' को कस्ट्युम पाए हुन्थ्यो भन्दा मैले त्यो कपडा अझै जतन गरेर राखेको बताएको थिएँ ।' यसका साथै उनले फिल्ममा जस्तै कपाल पनि लामो राखेकाले आफ्नो लुक पूर्ण रूपमा मिलेको बताएका छन् । विशेष एपिसोडको सोचबारे चर्चा गर्दै उनले भने, 'हामीले गर्न लागेको यो एपिसोड सामाजिक रूपमा निकै महत्त्वपूर्ण छ ।

फिल्म हेरेपछि राज कपूर साबले पनि यो शिक्षा लिन सकिन्छ भन्नुभएको थियो कि हरेक व्यक्ति 'मिस्टर इन्डिया' बन्न सक्छ । यो एपिसोड देशको सेवामा समर्पित ती व्यक्तिहरूको बारेमा हो, जो कुनै स्वार्थबिना काम गर्छन् र यसलाई आफ्नो नैतिक जिम्मेवारी ठान्छन् ।' शेखर कपूरद्वारा निर्देशित साइन्स-फिक्सन सुपरहिरो चलचित्र 'मिस्टर इन्डिया' २५ मे १९८७ मा रिलिज भएको थियो ।

# धानको पाँजा भिजाएपछि किसान चिन्तित

जलेश्वरटुडे समाचारदाता
सर्लाही, २४ असोज

बेमौसमी वर्षाले खेतमा सुकाउन राखिएको धानको पाँजा भिजाएपछि सर्लाहीका किसान चिन्तित बनेका छन् । सर्लाहीमा शुक्रबार रातिदेखि मेघगर्जन सहित वर्षा भइरहेको छ ।

यसअघि बिहीबार पनि वर्षा हुँदा खेतमा सुकाउन राखिएको धान भिजेको थियो । शुक्रबार रातिदेखि मौसम प्रतिकूल बनेपछि काटेर खेतमा राखिएको धानको पाँजा भिज्दा किसान समस्यामा परेका हुन् । हरिवन नगरपालिका-५, घुर्कौलीका किसान टेकबहादुर पाखिनले आफूले फाट्टफुट्ट काटेर खेतमा राखेको धान वर्षाले भिजाएको बताउनुभयो ।

वर्षाका कारण पाकिसकेको थप धानबालीसमेत काट्न नपाएको पाखिनले बताउनुभयो। मौसम खुल्ने र धान काट्न पाइने आशामा बसेका किसान निरन्तरको झरीले मारमा परेका छन् । शुक्रबार राति सर्लाहीका केही स्थानमा भारी वर्षासमेत भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार सर्लाहीको नवलपुरस्थित जलमापन केन्द्रमा ६१.२ मिलिमिटर र मनुषमारा जलमापन केन्द्रमा ५३.४ मिलिमिटर वर्षा मापन भएको छ । कृषि ज्ञान केन्द्र सर्लाहीले मौसम प्रतिकूल रहेकाले तत्काल धान नकाट्न किसानलाई आग्रह गरेको छ ।












# विपद्‌पछिको पुनरुत्थानमा पर्यटनको भर

-भोटेकोशी बाढीले नेपाललाई ठूलो मानवीय र आर्थिक क्षतिसँगै पुनर्निर्माणको चुनौती दिएको छ, जसका लागि सीमित आन्तरिक स्रोत र अनिश्चित अन्तर्राष्ट्रिय सहयोग पर्याप्त देखिँदैन। प्राकृतिक तथा सांस्कृतिक आधार, निजी लगानी र विदेशी मुद्रा आर्जनको सम्भावनाका कारण पर्यटनलाई उत्पादक पुनर्निर्माण र आर्थिक पुनरुत्थानको केन्द्रमा राख्न सकिन्छ। यसका लागि सुरक्षित पूर्वाधार, भरपर्दो सडक तथा हवाई पहुँच, स्थानीय आपूर्ति शृंखला, दक्ष जनशक्ति र नयाँ गन्तव्य विस्तारमा राज्यको रणनीतिक लगानी आवश्यक छ। भदौ १० को रसुवा-भोटेकोशी बाढीले नेपाललाई मानवीय विपत्तिसँगै गम्भीर आर्थिक चुनौतीसामु उभ्याएको छ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको द्रुत क्षति तथा आवश्यकता मूल्यांकन (आरडीएनए) अनुसार, बाढीबाट ४ खर्ब ८ अर्ब २८ करोड रुपैयाँभन्दा बढीको क्षति भएको छ। ७ हजार ५ सय ७० निजी घरमा क्षति पुगेको छ, ६९ किलोमिटर सडक र ३७ वटा मोटरेबल पुल प्रभावित भएका छन्, जसमध्ये ३३ वटा पुल बगेका छन्। तर विपद्‌को वास्तविक आर्थिक भार भत्किएका संरचनाको मूल्यमा मात्र सीमित हुँदैन, व्यवसाय बन्द हुँदा गुमेको आम्दानी, अवरुद्ध यातायात र व्यापार, रोकिएको उत्पादन र प्रभावित परिवारको जीविकामा परेको असरले यसको लागत दिनानुदिन बढाउँछ। त्यसैले पुनर्निर्माण जति ढिलो हुन्छ, बाढीको आर्थिक असर त्यति नै गहिरिँदै जान्छ। आरडीएनएको प्रारम्भिक अनुमान अनुसार भोटेकोशी बाढी प्रभावितलाई पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणका लागि ७ खर्ब २३ अर्ब ३१ करोड रुपैयाँ चाहिन्छ। सीमित वित्तीय स्रोत भएको अर्थतन्त्रले यति ठूलो पुनर्निर्माणको भार कसरी धान्ने र त्यससँगै आर्थिक गतिविधिलाई कसरी पुनः गतिशील बनाउने भन्ने प्रश्न छ। सरकारले संयुक्त राष्ट्रसंघअन्तर्गतको हानि तथा नोक्सानी कोषबाट दुई करोड अमेरिकी डलर सहयोग मागेको छ। तर, यो सहयोगले मात्र पुनर्निर्माणको ठूलो वित्तीय आवश्यकता धान्न सक्दैन। नेपालले अनुमान गरेको क्षति तथा नोक्सानीको तुलनामा माग गरिएको रकम निकै सानो छ र पुनर्लाभ तथा पुनर्निर्माणको समग्र आवश्यकतासँग तुलना गर्दा यसको हिस्सा अझै न्यून हुन्छ। त्यसमाथि, हानि तथा नोक्सानी कोषकै स्रोत सीमित भएकाले अन्तर्राष्ट्रिय सहयोगबाट आउने रकमलाई मात्र आधार बनाएर पुनर्निर्माणको योजना अघि बढाउन सकिँदैन। जलवायु न्यायका लागि अन्तर्राष्ट्रिय मञ्चमा नेपालको दाबी बलियो रूपमा उठाउँदै जानुपर्छ तर पुनर्निर्माणको मूल जिम्मेवारी देशभित्रै उपलब्ध स्रोत परिचालन, सहुलियतपूर्ण वित्त र नयाँ आर्थिक गतिविधि विस्तारमार्फत पूरा गर्नुपर्नेछ। पछिल्ला वर्षमा नेपालको लगानीको प्रमुख क्षेत्र जलविद्युत् बनेको छ। भोटेकोशी बाढीबाट धेरै वटा आयोजना प्रत्यक्ष प्रभावित भएका छन्। राष्ट्रिय विपद् आवश्यकता मूल्यांकनअनुसार ७ सय ५९ मेगावाट क्षमताका १३ जलविद्युत् आयोजना प्रभावित भएका छन्। यसबाट ऊर्जा क्षेत्रमा करिब १ खर्ब ५१ अर्ब रुपैयाँ बराबरको क्षति तथा नोक्सानी आकलन गरिएको छ। प्रभावित आयोजनामध्ये आठ वटा निजी क्षेत्रका रहेकाले यसको वित्तीय प्रभाव परियोजना तहमा मात्र सीमित नरही ऋण सेवा दायित्व, लगानी प्रतिफल र बिमा दाबीमा समेत देखिन सक्छ। पर्यटनलाई रणनीतिक क्षेत्रका रूपमा हेर्नुपर्ने अर्को महत्त्वपूर्ण कारण यसमा भइसकेको ठूलो निजी लगानी हो।

पछिल्लो समय नेपालमा अन्तर्राष्ट्रिय होटल कम्पनीहरूको पनि चासो बढेको छ। यसैगरी नेपाली व्यावसायिक घरानाहरूले पनि होटल, रिसोर्ट र गन्तव्य पूर्वाधारमा उल्लेख्य पुँजी लगानी गरिरहेका छन्। जलविद्युत्, सूचना प्रविधि र पर्यटनलाई नेपालको अर्थतन्त्रका प्रमुख सम्भावनायुक्त क्षेत्र मानिन्छ। ऊर्जा उत्पादन र निर्यातका दृष्टिले जलविद्युत्‌को सम्भावना महत्त्वपूर्ण छ, यद्यपि यसमा ठूलो पुँजी र लामो निर्माण अवधि आवश्यक पर्छ। सूचना प्रविधिले सेवा निर्यातमार्फत अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गर्ने अवसर दिएको छ, जसको विकासका लागि दक्ष जनशक्ति चाहिन्छ। पर्यटनका लागि भने नेपालसँग पहिल्यैदेखि प्राकृतिक, सांस्कृतिक, सम्पदा र आध्यात्मिक आधार उपलब्ध छन्। अबको प्राथमिकता यी आधारलाई आर्थिक गतिविधि र आम्दानीमा रूपान्तरण गर्दै त्यसको लाभ स्थानीय अर्थतन्त्रदेखि राष्ट्रिय अर्थतन्त्रसम्म विस्तार गर्नु हो। यसका लागि पर्यटक संख्या बढाउनेसँगै बसाइ अवधि र प्रतिपर्यटक खर्च वृद्धि तथा स्थानीय अर्थतन्त्रमा पर्यटनबाट हुने आम्दानीको हिस्सा बढाउनेतर्फ नीतिगत र लगानीगत ध्यान केन्द्रित गर्नुपर्छ। बाढीले अन्य क्षेत्रसँगै पर्यटनलाई पनि प्रत्यक्ष असर पुर्‍याएको छ। तर, आर्थिक वर्ष २०८१/८२ मा करिब ८८ अर्ब ६६ करोड रुपैयाँ विदेशी मुद्रा आर्जन गरेको पर्यटन क्षेत्र विपद्‌पछिको आर्थिक पुनरुत्थानमा महत्त्वपूर्ण आधार बन्न सक्छ।

विशेष गरी बाढीबाट प्रभावित नभएका गन्तव्यलाई सक्रिय राख्न सकिए पर्यटक आगमन, रोजगारी र स्थानीय आम्दानीलाई निरन्तरता दिन मद्दत पुग्न सक्छ। त्यसका लागि क्षतिग्रस्त पूर्वाधार र पदमार्गलाई सुरक्षित रूपमा पुनः सञ्चालनमा ल्याउनुका साथै कुन गन्तव्य, सडक र पदमार्ग खुला छन् भन्ने अद्यावधिक जानकारी पर्यटकसम्म पुर्‍याउन आवश्यक छ। पर्यटनलाई रणनीतिक क्षेत्रका रूपमा हेर्नुपर्ने अर्को महत्त्वपूर्ण कारण यसमा भइसकेको ठूलो निजी लगानी हो। पछिल्लो समय नेपालमा अन्तर्राष्ट्रिय होटल कम्पनीहरूको पनि चासो बढेको छ। यसैगरी नेपाली व्यावसायिक घरानाहरूले पनि होटल, रिसोर्ट र गन्तव्य पूर्वाधारमा उल्लेख्य पुँजी लगानी गरिरहेका छन्। यस्ता



लगानीले रोजगारी सिर्जना गर्नुका साथै कृषि, यातायात, हस्तकला, मनोरञ्जन, निर्माण र सेवा क्षेत्रमा पनि माग बढाउँछन्। निजी क्षेत्रले ठूलो जोखिम उठाएर लगानी गरिसकेको अवस्थामा सडक, विमानस्थल, खानेपानी, सरसफाइ, पदमार्ग, सञ्चार सम्पर्क, सुरक्षा र विपद् पूर्वसूचना प्रणालीजस्ता सार्वजनिक पूर्वाधारमा राज्यको लगानी उत्तिकै आवश्यक हुन्छ।

पर्यटनलाई प्राथमिकता दिनुको अर्थ काठमाडौंका होटल र केही चर्चित पदमार्गमा सीमित हुनु होइन। पर्यटकले गरेको खर्च होटलबाट विभिन्न गाउँ-ठाउँका किसानको उत्पादन, स्थानीय यातायात, गाइड, हस्तकला, संस्कृति, मनोरञ्जन हुँदै साना उद्यमसम्म पुग्न सक्यो भने मात्र यसको वास्तविक आर्थिक लाभ देखिन्छ। यही गुणक प्रभावले पर्यटनलाई सेवा क्षेत्रको सीमाबाट निकालेर क्षेत्रीय विकासको आधार बनाउन सक्छ। किनकि जुन सडकबाट पर्यटक गाउँ पुग्छन्, त्यही सडकबाट गाउँको उत्पादन बजार पुग्छ। चालु आर्थिक वर्ष २०८३/८४ को बजेटले पर्यटन र नागरिक उड्डयनलाई आर्थिक रूपान्तरणको प्रमुख आधार मानेको छ।

तर नीतिमा दिइएको प्राथमिकता र यस क्षेत्रबाट प्राप्त आर्थिक प्रतिफलबीच अझै ठूलो अन्तर छ। पर्यटन काठमाडौं र केही लोकप्रिय गन्तव्यमा केन्द्रित छ, आम्दानी वर्षका केही महिनामा सीमित छ, र तालिम प्राप्त जनशक्ति देशमै टिकाउन कठिन भइरहेको छ। बाढीपछिको पुनरुत्थानलाई यी कमजोरी सुधार्ने अवसरका रूपमा उपयोग गर्न सकिन्छ। गन्तव्य कति सजिलो र कम लागतमा पुग्न सकिन्छ भन्ने कुराले नै त्यसको प्रतिस्पर्धात्मकता तय गर्छ।

नेपाली वायुसेवा कम्पनीहरूलाई डिसेम्बर २०१३ देखि युरोपेली संघ (ईयू) ले हवाई सुरक्षा सूचीमा राखेर उडान सञ्चालन गर्न प्रतिबन्ध लगाएको छ, जसले उच्च खर्च गर्ने युरोपेली बजारमा मुलुकको छविमा असर पारेको मानिन्छ। सरकारले जनवरी २०२७ भित्र यो सूचीबाट हट्ने लक्ष्य राख्दै नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवाप्रदायकमा विभाजन गर्ने प्रस्ताव गरेको छ। गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आए त्रिभुवन विमानस्थलमाथिको निर्भरता घट्छ। तर विमानस्थलबाट गन्तव्यसम्म पुग्ने आन्तरिक उडान र सडक भरपर्दो नभए यो सुधारको लाभ सीमित रहन्छ। सडक र उडानले पर्यटकलाई गन्तव्यसम्म पुर्‍याउँछन् तर उनीहरू कति दिन बस्छन् र कति खर्च गर्छन् भन्ने कुरा गन्तव्यमा उपलब्ध सुविधा र अनुभवले निर्धारण गर्छ। त्यसैले पहुँच र गन्तव्य विकासमा हुने लगानीलाई छुट्टाछुट्टै योजना र बजेटमार्फत अघि बढाउनुपर्छ। खानेपानी, सरसफाइ, पदमार्ग, सूचना केन्द्र र सम्पदा संरक्षणमा राज्यले गर्ने लगानीले काठमाडौं र केही लोकप्रिय गन्तव्यबाहिर पर्यटन विस्तारको आधार तयार गर्छ। पूर्वाधार र बजार अनिश्चित भएका नयाँ गन्तव्यमा निजी लगानीकर्ता सुरुमा जान हिचकिचाउँछन्। राज्यले सुरुको जोखिम घटाएपछि निजी र विदेशी लगानी त्यता आकर्षित हुन्छ।

साभार : कान्तिपुर।

## क्रियाशील पत्रकार मञ्चको अध्यक्षमा रमेश गिरी सर्वसम्मत




**दिपक श्रेष्ठ मण्डल**
**काठमाडौं, २४ असोज**

क्रियाशील पत्रकार मञ्चको अध्यक्षमा राष्ट्रिय समाचार समिति (रासस) का पत्रकार रमेश गिरी सर्वसम्मत चयन भएका छन्। मञ्चको आज सम्पन्न १६औँ वार्षिक साधारणसभा तथा छैटौँ केन्द्रीय अधिवेशनले गिरीको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो। नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा मकर श्रेष्ठ, सचिवमा अञ्जना शिल्पकार, कोषाध्यक्षमा पुष्करराज बुढाथोकी र सहसचिवमा ऋषिकेश श्रेष्ठ चयन भएका छन्। त्यसैगरी, कार्यसमिति सदस्यमा विपीन ढुङ्गाना, सङ्गीता अधिकारी, रत्नकाजी श्रेष्ठ र सृजना खतिवडा चयन भएका छन्।अध्यक्षमा निर्वाचित गिरीले क्रियाशील पत्रकारहरूको साझा सङ्गठनका रूपमा मञ्चलाई विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले पत्रकारहरूको हकहित, पेसागत सुरक्षा तथा अधिकारका सवालमा सशक्त रूपमा आवाज उठाउने बताए।

पत्रकारहरूको पेसागत एकता, हकहितको संरक्षण र व्यावसायिक पत्रकारिताको प्रवर्द्धनमा मञ्चले सक्रिय भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday